# दैनिक विपद् बुलेटिन

२४ असार बिहान १०:०० बजेदेखि २५ असार बिहान १०:०० बजे सम्म

नेपालमा ठूलो पानी पर्न थालेसँगै बाढी र पहिरोका घटना बढेका छन् । आज सिन्धुपाल्चोकको बाह्रबिसेमा आएको बाढीले जनधनको ठूलो क्षति गरेको छ । बाह्रबिसे नगरपालिका वडा नं ५ जम्बुमा १४ वटा घर बाढीले बगाउनुका साथै २ जनाको मृत्यु, १६ जना वेपत्ता र ४ जना घाईते भएका छन् । यस्तै भोटेकोशी गाउँपालिकास्थित बुलकुटे खोलाको बाढीले २ वटा घर बगाउँदा २ जना घाईते हुनुका साथै ४ जना वेपत्ता भएका छन् । यस्तै डोटीमा पहिरोमा परेर एकजना घाईते भएको छ । यससँगै दैलेख, दार्चुला, बझाङ्ग, कास्की, लमजुङमा पहिरो गएका छन् । सुनसरी, मोरङ, बारा, संखुवासभा , धादिङ्ग, बर्दिया गरी ६ स्थानमा आगलागी भएका छन् ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २ | २० | २१ | ८ | २८,४७,००० | ८ | ० |

## घट्ना सारांश

- मुलुकभर गएको २४ घण्टामा विपद्का **२१** वटा घट्नाहरु भएका छन् ।
- **सिन्धुपाल्चोकको** बाह्रबिसे नगरपालिका वडा नं. ५ जम्बुस्थित याल्मु खोलामा अबिरल बर्षाका कारण आएको **बाढीले २ जनाको मृत्यु** हुनुका साथै **१४ वटा घर बगाउँदा १६ जना वेपत्ता र ४ जना घाईते** भएका छन् । **यसैगरी** बाह्रबिसे नगरपालिका वडा नं. ३ खागदलस्थित अरनिको राजमार्गमा रहेको ठाडो खागदल खोलामा आएको बाढीले पक्की पुल बगाउँनुका साथै ११ वटा घर, एउटा ग्यारेज, एउटा स्कर्पियो गाडी, पानी बोक्ने एउटा टयाङ्कर, सडक बिभागको अलकत्रा बोक्ने एउटा ट्रक र एउटा बस समेत बगाएको छ । भोटेकोशी गाउँपालिका वडा नं. ५ बुलकुटे झ्याले स्थित बुलकुटे खोलाको बाढीले बगाउँदा ४ जना वेपत्ता हुनुका साथै २ जना घाईते र २ वटा घर बगाएको छ ।
- **सुनसरी** धरान उपमहानगरपालिका वडा नं. १४ विजयपुर बेलडाँडाको दुईघरमा ग्यास लिग भई **आगलागी** हुँदा **२२ लाख ७७ हजार रुपैंया** बराबरको क्षति भएको छ ।
- **मोरङ**को कानेपोखरी गाउँपालिका वडा नं. ७ आईतबारेको एकघरमा अचानक **आगलागी** हुँदा १० हजार रुपैंया बराबरको क्षति भएको छ ।
- **दार्चुलाको** महाकाली नगरपालिका वडा नं. १ श्रीबगरस्थित एउटा घरमा माथिबाट **पहिरो** आई घर पूर्णरुपमा क्षति भएको छ ।
- **डोटीको** जोरायल गाउँपालिका वडा नं. ४ को जंगलमा बाखा चराउन गएको अवस्थामा **पहिरोमा** परी एकव्यक्तिको कम्मर र टाउकोमा चोट लागी **घाईते** भएको छ ।

## घट्ना सारांश...

- **कञ्चनपुर**को भिमदत्त नगरपालिका वडा नं. १८ भगतपुरको सुकुम्बासी बस्तीमा **बाढी** पसी **३०० घरधुरी डुबान**मा परेको र ६० वटा घर भत्किई बस्न नमिल्ने भएको छ । १२० जना मानिसहरुलाई त्यहाँस्थित सूदुर पश्चिम बिश्वबिद्यालयको भवनमा राखिएको छ ।
- **संखुवासभा**को मकालु गाउँपालिका वडा नं. ५ आवास्थित एकघरमा खाना पकाउने चुल्होबाट अचानक आगो सल्कीन गई **आगलागी** हुँदा **५० हजार** रुपैंया बराबरको क्षति भएको छ ।
- **बारा**को परवानीपुर गाउँपालिका वडा नं. ३ लिप्नीमालको एकघरमा ग्याँसमा खाना पकाउने क्रममा एक व्यक्तिले लगाएको साडीमा **आगो सल्किई** शरिरको भाग जली **घाईते** भएको छ ।
- **धादिङ**को नेत्रावती गाउँपालिका वडा नं. ४ धुर्मुस्थित एक घरमा सोलारको व्याट्री सर्ट भई **आगलागी** हुँदा **५ लाख** रुपैंया बराबरको क्षति भएको छ ।
- **बर्दिया**को ठाकुरबाबा नगरपालिका वडा नं ९ स्थित एक गोठमा भैसीलाई लामखुट्टे धपाउन बालेको आगोबाट **आगलागी** हुँदा ६० हजार रुपैंया बराबरको क्षति भएको छ ।

## सडक अवरोध

- **दैलेखको** गुँरास गाउँपालिका वडा नं. १ केराबारी स्थित **कर्णाली राजमार्गमा** अबिरल बर्षाका कारण माथिबाट पहिरो आइ **बाटो अवरोध** भएको छ ।
- **बझाङको** वित्थडचिर गाउँपालिका वडा नं २ चौमले खोलामा माथिबाट **पहिरो** आई **जयपृथ्वी राजमार्ग** अवरोध भएको छ ।
- **सिन्धुपाल्चोक**को बाह्रबिसे नगरपालिका वडा नं ५ जम्वुस्थित **याल्मो** भन्ने **ठाडो खोला** अत्याधिक बढेको कारण माथिबाट लेदो,ढुङ्गा माटो ल्याई **अरनिको राजमार्ग अवरोध** भएको छ । भोटेकोसी खोलाको बहाव समेत बढेको छ । यसैगरी बाह्रबिसे नगरपालिका वडा नं ३ खुर्सानीबारी भन्ने स्थानमा भोटेकोसी नदीमा आएको बाढीले **अरनिको राजमार्ग कटान** गरी **बाटो पूर्णरुपमा अबरोध** भएको छ ।
- **कास्की**को माछापुच्छ्रे गाउँपालिका वडा नं ७ धम्पुर घट्टेखोलामा **अविरल वर्षाका** कारण **बाग्लुङ पोखरा सडक खण्डमा** माथिबाट **पहिरो** खस्दा **५** वटा घरमा क्षति पुग्नुका साथै उक्त स्थानमा **पहिरो** आई बिरगंजबाट बाग्लुङ जाँदै गरेको ग १ ख ९५८९ नम्बरको ट्रक फसी **बाटो अबरुद्ध** भएको छ ।
- **लमजुङको** वेसिशहर नगरपालिका वडा नं ६ खरखरे भिर र सहजी खोलामा राती परेको अविरल बर्षाको कारण पानीको बहाब बढ्न गई बाटो भत्किदा **पुर्णरुपमा अवरुद्ध** भएको छ ।यसैगरी मर्स्याङदी गाउँपालिका वडा नं ४ स्यागेमा माथीबाट पहिरो आई **बाटो पुर्णरुपमा अवरुद्ध** भएको छ ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरो गएका स्थानहरुमा पुगी घाईतेलाई उद्धार गरी नजिकैको स्वास्थ्य केन्द्रमा पुर्याइएको छ । यस्तै बाढी र डुबान प्रभावितहरुलाई सुरक्षित स्थानमा सार्ने काम भइरहेको छ भने पहिरोका कारण अबरुद्ध भएका बाटोहरु स्थानीयको सहयोग समेतमा खोल्ने प्रयास भइरहेका छन् ।

## वर्षाको सारांशः

२०७७ साल असार २४ गते बिहान ०८:४५ बजे देखि असार २५ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०३/२५ गते बिहान ०८:४५ बजे १२२ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ४३ र स्वचालितः ७९) मा मापन गरिएको वर्षाको विवरण अनुसार ७९ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१५२.६ मि. मी.) लमजुङ जिल्लाको बेसिसहर केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ४ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ९ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, १८ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र २७ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/ मा हेर्नुहोस।

# बाढी पूर्वानुमान

**असार २५ (विहीबार)**

- कोसी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य बढ्दो क्रममा हुने तर सतर्कता तह भन्दा तलै हुने ।
- कन्काई, कमला, बागमती र यसका सहायक नदीमा बहाव बढ्दो क्रममा हुने, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाव हल्का बढ्ने तर सतर्कता तलै हुने पूर्वानुमान छ। कन्काई, कमला, बागमती नदीको केही साना सहायक नदीमा बहाव सतर्कता आसपास पुग्न सक्ने ।
- प्रदेश १, २ र बागमतीको मध्यपहाडी, चुरे र तराईबाट बहने स-साना नदीहरूमा बहाव बढ्ने र केही स-साना नदीमा बहाव सतर्कता तह आसपाससम्म पुग्न सक्ने पूर्वानुमान छ ।

**सरोकारवालाका लागि परामर्श (Advisory):**

- आगामी ३ दिन प्रमूख र मझौला नदीहरू कोशी, नारायणी, कर्णाली, महाकालीमा, कन्काई,कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतमा बहाव बढ्ने, सबैमा बहाव सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान रहेता पनि बहाव सतर्कता तह आसपास हुन सक्ने भएकाले नदीतटिय क्षेत्रका कार्यहरू गर्दा उच्च सतर्कता अपनाउनहुन अनुरोध छ ।
- आज कन्काई, बागमती, कमला,पश्चिम राप्ती र बबईमा बहाव बढ्दो हुने तर सतर्कता तलै हुने तर बागमती, तिनाउ,पश्चिम राप्ती र बबई, मोहना, मछेली, कान्द्रा लगायत केहि स-साना सहायक नदीमा बहाव सतर्कता तह आसपास सम्म पुग्न सक्ने पूर्वानुमान रहेकाले तटिय क्षेत्रका कार्यहरू उच्च सतर्कता साथ गरौ ।
- आज दोलखा, रामेछाप, सिन्धुपाल्चोक, सिन्धुली, काभ्रेपलान्चोक, काठमाण्डौ उपत्यका, मकवानपुर, नुवाकोट, रसुवा, धादिङ, गोरखा, लमजुङ, तनहूँ, कास्की, चितवन, नवलपरासी, रूपन्देही, कपिलबस्तु, गुल्मी,पाल्पा, अर्घाखाँची, रोल्पा, रूकुम, प्यूठान, दाङ, बाँके, जाजरकोट, दैलेख, बझाङ, बाजुरा, अछाम, बर्दिया, कैलाली, कञ्चनपुर, सुर्खेत, डडेलधुरा,डोटी, र आसपास जिल्ला भई बहने केहि साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई आसपासका केहि स-साना खोलाहरुमा बहाव बढ्ने तथा बागमती, प्रदेश ५ र सुदुरपश्चिम प्रदेशको मध्यपहाडी,चुरे र तराई भई बहने स- साना नदीमा सतर्कता आसपास सम्म पुग्न सक्ने रहेकाले साना नदीतटिय क्षेत्रमा सतर्कता अपनाईराखौ।
- **नोटः <u>आगामी असार २५ गते देखि देशैभरका नदीको बहाव बढ्ने, असार २६ -२९ सम्म कन्काई, कोशी, कमला, बागमती, नारायणी र यसको सहायक नदीमा बहाव बढ्ने र केहिमा सतर्कता सम्म पुग्न सक्ने मध्ययम संभावना । कर्णाली, पश्चिम राप्ती, बबई र महाकलीमा सामान्य बढ्ने र सतर्कता तलै हुने । साथै प्रदेश १ र २ को चुरे र तराईबाट बहने प्राय सबै नदीमा बहाव सतर्कता तह आसपास पुग्न सक्ने संभावना रहेकाले पूर्वानुमानबारे नियमित जानकारी राखौं। साथै आगामी ३ दिन पछि प्रदेश १ र २ को साना नदितटिय क्षेत्रका कार्यमा उच्च सतर्कता अपनाउनहुन समेत अनुरोध छ</u>**

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/